(दफा ४ तथा अनुसूची १ को भाग २ संग सम्बन्धित)

लालझाडी गाउँपालिका द्वारा प्रकाशित

खण्ड ४ | संख्या : ४ | मितिः..............गते

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।०७।२३

भागः २

# व्यवसाय दर्ता तथा कर सम्बन्धि कार्यविधि २०७७

**प्रस्तावना**

लालझाडी गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यवसायहरुको दर्ता, नवीकरण, नियमन र खारेजी तथा व्यवसायहरुको बर्गीकरण सम्बन्धी विषयमा प्रकृयागत स्पष्टता ल्याई व्यवसायमैत्री वातावरण निर्माण गर्न र व्यवसाय करलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

लालझाडी गाउँपालिकाको मिति २०७७।०७।२३ को गाउँ कार्यपालिकाको बैठकले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) मा भएको व्यवस्था अनुसार यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "व्यवसाय दर्ता कार्यविधि २०७७" रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ।

(ख) "गाउँपालिका" भन्नाले लालझाडी गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले लालझाडी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "कार्यालय" भन्नाले लालझाडी गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ङ) "व्यवसाय" दफा ३ अनुसारका व्यवसाय सम्झनु पर्दछ।

(च) "व्यवसायी" भन्नाले व्यवसायको प्रोपराईटरलाई सम्झनु पर्दछ

(छ) "दर्ता" भन्नाले कुनैपनि व्यवसायलाई लालझाडी गाउँपालिका कार्यालयमा दर्ता गरि प्रमाणपत्र दिईने कार्यलाई सम्झनु पर्दछ।।

(ज) "वडा कार्यालय" भन्नाले लालझाडी गाउँपालिकाका एक देखि छ सम्मका वडा कार्यलय सम्झनु पर्दछ।

(झ) "गाउँ सभा" भन्नाले लालझाडी गाउँपालिकाको सभालाई सम्झनु पर्दछ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लालझाडी गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गरेको अधिकारी सम्झनु पर्दछ।

## परिच्छेद-२

## व्यवसायका किसिम

३) लालझाडी गाउँपालिका क्षेत्रभित्र रहेका देहाय बमोजिमका आर्थिक कारोवार झल्किने व्यवसायलाई व्यवसायमा गणना गरिनेछ

(क) अनुसूची -१ मा उल्लेख गरिएका व्यवसायहरु

(ख) अनुसूची -१ मा उल्लेख तर गाउँ कार्यपालिकाबाट व्यवसाय भनि किटान गरिएका अन्य व्यवसायहरु

## परिच्छेद-३

## व्यवसाय दर्ता सम्बन्धि व्यवस्था

४) यस कार्यविधि बमोजिम देहायमा उल्लेखित प्रक्रिया एवम् कागजात संलग्न राखी व्यवसायीले आवेदन गरेमा गाउँपालिका कार्यालयद्वारा व्यवसाय दर्ता गरिने छ।

(क) अनुसूची-२ बमोजिमको निवेदन।

(ख) वडा कार्यालयको सिफारिस।

(ग) वडा कार्यालयद्वारा तयार पारिएको स्थलगत सर्जमीन मुचुल्का।

(घ) व्यवसायीको ना.प्र.प. को प्रतिलिपी।

(ङ) व्यवसाय गर्ने भवन रहेको स्थानको कित्ता नम्बर देखिने ज.ध. प्रमाण पूर्जाको प्रतिलिपी।

(च) अर्को व्यक्तिको कोठा/सटर भाडामा लिई व्यवसाय गर्ने भएमा सम्झौताको प्रतिलिपी।

(छ) भाडामा दिने व्यक्तिको ना.प्र.प. को प्रतिलिपी।

(ज) व्यवसाय गर्ने भवन प्रति जमिनमा रहेको भएमा वडा कार्यालयको सिफारीस पत्रमा सो व्यहोरा समेत उल्लेख भएको हुनुपर्ने।

(झ) दुई प्रति पासपोर्ट साइजको फोटो।

(ञ) व्यवसाय कर तिरेको रसिद।

(ट) व्यवसाय संचालन गर्ने व्यक्ति स्वयं उपस्थित हनुपर्ने छ।

(ठ) उपदफा (क) देखि (ट) सम्मका आवश्यक कागजात सहित दरखास्त प्राप्त भए पछि कार्यालयले सो उपर जाँचबुझ गरी आर्थिक ऐनमा तोकिए बमोजिमको दर्ता शुल्क लिई व्यवसाय दर्ता गरिनेछ।

(ड) उपदफा (ठ) बमोजिम व्यवसाय दर्ता भए पछि कार्यालयले व्यवसाय विवरण अनुसूची-३ बमोजिम दर्ता किताब खडा गर्नेछ।

(ढ) उपदफा (ठ) बमोजिम व्यवसाय दर्ता भए पछि अनुसूची-४ को ढाँचामा व्यवसाय दर्ता प्रमाणपत्र उपलब्ध गराईनेछ।

## परिच्छेद -४

## मदिरा तथा सूर्तिजन्य पदार्थको व्यवसाय दर्ता सम्बन्धि व्यवस्था

५) मदिरा तथा सूर्तिजन्य पदार्थको व्यवसाय दर्ताको लागि व्यवसायीले देहाय बमोजिमको कागजात संलग्न राखी गाउँपालिका कार्यालयमा आवेदन गर्नुपर्ने छ।

(क) रीतपूर्वकको निवेदन।

(ख) मदिरा तथा सूर्तिजन्य पदार्थ व्यवसाय गर्ने स्थान लालझाडी गाउँपालिकाको मुख्य बजार क्षेत्र तोकिएको स्थान बाहेक अन्य क्षेत्रमा सार्वजनिक स्थल, विद्यालय, स्वास्थ्य संस्था, मठ मन्दिर जस्ता धार्मिक तथा सामाजिक महत्त्वका स्थानबाट ५०० मीटर टाढा हुनुपर्नेछ।

(ग) मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमन निर्देशिका २०७६ का शर्त पालन गर्न व्यवसायीले मंजुर गरेको व्होरा सम्बन्धित वडा कार्यालयद्वारा तयार पारिने स्थलगत सर्जमीन मुचुल्का र वडा कार्यालयको सिफारिस पत्रमा स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्ने छ।

(घ) परिच्छेद -३ दफा ४ को उपदफा (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ) र (ट) बमोजिमका अन्य कागजातहरु।

६) दफा ५ अनुसारका प्राप्त कागजातहको आधारमा व्यवसाय दर्ता गर्न उचित लागेमा गाउँपालिका कार्यालयको मदिरा तथा सूर्तिजन्य पदार्थको व्यवसाय दर्ता गर्नेछ।

## परिच्छेद -५

## व्यवसाय दर्ता खारेजी सम्बन्धि व्यवस्था

७) यस कार्यविधि बमोजिम गाउँपालिका कार्यालयमा दर्ता भएको व्यवसाय बन्द अथवा दर्ता खारेजी गर्नुपरेमा तपशिलमा उल्लेखित कागजात संलग्न राखी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्ने छ।

(क) रीतपूर्वकको व्यवसायीको निवेदन।

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

(ग) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी र सक्कल।

(घ) व्यवसायीको ना.प्र.प. को प्रतिलिपी।

(ङ) नविकरण दस्तुर बुझाएको रसीद ।

(च) व्यवसायी स्वयम् उपस्थित हुनुपर्ने छ ।

८) दफा ७ अनुसारका कागजातहरुको आधारमा व्यवसाय दर्ता खारेज गर्न मनासिव देखिएमा दर्ता खारेज गरिने छ ।

## परिच्छेद -६

## व्यवसाय रहने स्थान र व्यवसायको नाम परिवर्तन सम्बन्धि व्यवस्था

९) यस कार्यविधि बमोजिम एउटा वडामा भाडाको घरमा रहेको व्यवसाय अर्को वडामा स्थानान्तरण गर्न वा एउटै वडाभित्र पनि स्थान परिवर्तन गर्नुपरेमा देहाय अनुसारका कागजात संलग्न राखी गाउँपालिका कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(क) व्यवसायीको रितपूर्वकको निवेदन ।

(ख) पहिलेको घरधनीसँग सम्झौता भंग भएको प्रमाण ।

(ग) नयाँ घरधनीसँग भएको सम्झौताको प्रतिलिपी ।

(घ) नयाँ घरधनीको ना.प्र.प.को प्रतिलिपी ।

(ङ) व्यवसाय रहने कोठा सटर रहेको जग्गाको कि.नं. स्पष्ट देखिने ज.ध. प्रमाण पूर्जाको प्रतिलिपी ।

(च) नयाँ स्थानमा व्यवसाय सार्नको लागि वडा कार्यालयद्वारा तयार गरिएको स्थलगत सर्जमीन मुचुल्का ।

(छ) वडा कार्यालयको सिफारिस पत्र ।

(ज) प्रति जमीनमा बनेको कोठा/सटरमा व्यवसाय सार्न परेमा वडा कार्यालयको सिफारिश पत्रमा सो व्यहोरा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

१०) यस कार्यविधि बमोजिम गाउँपालिका कार्यालयमा दर्ता भई सकेको व्यवसायको नाम परिवर्तन गर्नुपरेमा तपशिलमा उल्लेखित कागजात संलग्न राखी गाउँपालिका कार्यालयमा रितपूर्वकको निवेदन दिनुपर्ने छ र गाउँपालिका कार्यालयले उचित ठहऱ्याएमा व्यवसायको नाम परिवर्तन गर्न सक्ने छ ।

(क) रितपूर्वकको निवेदन ।

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

(ग) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी र सक्कल ।

(घ) नविकरण दस्तुर बुझाएको रसीद ।

(ङ) साविकको व्यवसाय र हालको व्यवसायको प्रकृति फरक हुने भएमा वडा कार्यालयद्वारा तयार पारीएको स्थलगत सर्जमीन मुचुल्का ।

## परिच्छेद -७

## व्यवसाय नामसारी सम्बन्धि व्यवस्था

११) यस कार्यविधि बमोजिम गाउँपालिका कार्यालयमा दर्ता भएको कुनैपनि व्यवसाय तपशिलको अवस्थामा एउटा व्यक्तिको नामबाट अर्को व्यक्तिको नाममा नामसारी गर्न सकिने छ ।

(क) व्यवसायीको मृत्यु भएमा।

(ख) कुनै व्यवसायीले आफ्नो व्यवसाय अर्को व्यक्तिलाई विक्री गरेमा ।

(ग) व्यवसायी वेपत्ता भएमा।

(घ) व्यवसायी असक्त भई निजले आफ्नो व्यवसाय आफ्नो अंशियारको नाममा नामसारी गर्न चाहेमा । (ङ) व्यवसायी बहुलाह भएमा ।

१२) दफा ९ को उपदफा (क), (ख), (ग), (घ) र (ङ) बमोजिम नामसारी प्रयोजनका लागि तपशिलमा उल्लेखित कागजात संलग्न राखी गाउँपालिका कार्यालयमा रितपूर्वकको निवेदन पेश गर्नुपर्नेछ ।

(क) रितपूर्वकको निवेदन ।

(ख) व्यवसायीको मृत्यु भएमा मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी, वेपत्ता भएमा ईलाका प्रहरी कार्यालयको सर्जमीन मुचुल्का र सम्बन्धित वडा कार्यालयको सिफारिस, बहुलाह भएमा मान्यत प्राप्त मेडिकल अधिकृतको प्रमाणपत्र र सम्बन्धि वडा कार्यालयको सिफारिस पत्र, अन्य व्यक्तिलाई व्यवसाय विक्री गरेमा सोको प्रमाण ।

(ग) दफा ९ (क), (ग), (घ) र (ङ) को अवस्थामा नाता प्रमाण पत्रको प्रतिलिपी ।

(घ) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

(ङ) साविकको व्यवसायी र नामसारी गर्नु पर्ने व्यवसायीको ना.प्र.प.को प्रतिलिपी ।

१३) दफा १२ अनुसार संलग्न प्रमाणहरुको आधारमा गाउँपालिका कार्यालयद्वारा आवश्यक छानविन गरि तोकिए बमोजिमको दस्तुर लिई व्यवसाय नामसारी गरिने छ ।

## परिच्छेद -८

## नविकरण सम्बन्धि व्यवस्था

१४) यस कार्यविधि बमोजिम गाउँपालिका कार्यालयमा व्यवसाय दर्ता गरिसकेपछि देहायका कागजात संलग्न राखी प्रत्येक आ.व. को लागि व्यवसाय नविकरण गर्नुपर्नेछ ।

(क) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल ।

(ख) नविकरण दस्तुर तिरेको रसीद ।

(ग) कर चुक्ता प्रमाणपत्र

## परिच्छेद -९

## व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी सम्बन्धी व्यवस्था

१५) यस कार्यविधि बमोजिम गाउँपालिका कार्यालयमा व्यवसाय दर्ता गरि सकेपछि व्यवसायीले प्राप्त गरेको व्यवसाय दर्ता प्रमाणपत्र हराएमा वा झुत्रो भएमा प्रमाणपत्रको प्रतिलिपी प्राप्तीको लागि व्यवसायीले देहायका कागजात संलग्न राखी निवेदन दिनु पर्ने छ ।

(क) रीतपूर्वकको निवेदन ।

(ख) वडा कार्यालयको सिफारिस ।

(ग) व्यवसायीको ना.प्र.प. को प्रतिलिपी ।

१६) दफा १५ अनुसार संलग्न प्रमाणको आधारमा तोकीएको दस्तुर लिई व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी उपलब्ध गराइने छ ।

## परिच्छेद -१०

## विविध

१७) गाउँपालिका कार्यालयले अनुगमन तथा निरीक्षण गरि लालझाडी गाउँपालिका क्षेत्रभित्र रहेका व्यवसायहरु यस कार्यविधि बमोजिम दर्ता भए नभएको यकिन गरि दर्ता गर्न निर्देशन दिन सकने छ ।

१८) गाउँपालिकाले दिएको निर्देशन पालना गर्नु प्रत्येक व्यवसायीको कर्तव्य हुनेछ ।

१९) यो कार्यविधि लागु हुनुपूर्व गाउँपालिका कार्यालयमा दर्ता भएका व्यवसायहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिने छ ।

२०) गाउँपालिका कार्यालयले दिएको निर्देशन पालना नगर्ने वा आफ्नो व्यवसाय दर्ता गर्न अटेरी गर्ने व्यवसायीलार्य गाउँपालिका कार्यालय अथवा सम्बन्धित वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधा रोक्का राख्न सकिने छ ।

२१) यस कार्यविधि बमोजिम एकपटक यस गाउँपालिका कार्यालयमा एक प्रकारको व्यवसाय दर्ता भईसकेपछि त्यसमा अर्को व्यवसाय थप गर्न पाइने छैन ।

२२) यस कार्यविधिको पालना गर्नु प्रत्येक गाउँवासीको कर्तव्य हुनेछ ।

२३) कार्यविधि अन्तर्गत रही यो कार्यविधि कार्यान्वयन गर्न गाउँपालिकाले अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

अनुसूची-१

व्यवसायका किसिम

| सि.नं. | विवरण |
|---|---|
| • | **होटल,लज रेष्टुरेन्ट तथा नास्ता पसल** |
| १ | होटेल एण्ड रेष्टुरेन्ट बजार क्षेत्र |
| २ | होटेल एण्ड रेष्टुरेन्ट ग्रामिण क्षेत्र |
| ३ | मिठाई पसल |
| • | **उद्योग एवं फर्म** |
| १ | भुसे भट्टा |
| २ | सिमेन्ट टायल तथा ब्लक उद्योग |
| • | **पशुपालन फर्म** |
| १ | बाख्रा |
| २ | गाई |
| ३ | भैसी |
| ४ | बंगुर |
| ५ | मत्स्य पालन व्यवसाय |
| ६ | मौरी पालन व्यवसाय |
| ७ | कुखुरा पालन व्यवसाय |
| ८ | दुध दहि ध्यु पनिर बिक्रि गर्ने (डेरी) |
| • | **अन्य साना उद्योग** |
| ५ | मेशनरी उधोग |
| ६ | भेनीयर उधोग |
| ७ | कलर बैंक |
| ८ | मलखाद बिक्रि डिपो (कृषि सहकारी रु.१०००, बहुउदेश्य सहकारी प्रयोजन रु.१५००) |
| ९ | क्याफे सेन्टर |
| १२ | मोटर ग्यारेज सानो |
| १३ | मोटर ग्यारेज ठुलो |
| १४ | टिउसन, कोचिङ सेन्टर , भाषा पाठशाला, कम्प्युटर ईन्सिच्युट |
| १५ | पम्प सेट / मिटर मर्मत सेन्टर |
| १६ | क्याटरिङ सेवा |
| • | **चिया तथा कफी पसल तर्फ** |
| १ | चिया नास्ता पसल |

| | |
|---|---|
| • | **माछा मासु पसल तर्फ** |
| १ | माछा मास कटिङ्ग बिकी पसल |
| • | **फलफूल पसल तर्फ** |
| १ | थोक विक्रेता |
| २ | फुटकर विक्रेता |
| • | **सागसब्जी तथा तरकारी पसल तर्फ** |
| १ | थोक विक्रेता |
| २ | फुटकर विक्रेता |
| • | **धातुको काम गर्ने पसल तर्फ** |
| १ | ज्यासल वा आरन राखि कास,तामा,पित्तलको भाडा बनाई व्यवसाय गर्ने लाई |
| • | **आयुर्वेदिक औषधि तर्फ** |
| १ | आयूर्वेदिक औषधि थोक विक्रेता |
| २ | आयूर्वेदिक औषधि फुटका बिक्रेता |
| • | **स्वास्थ्य सेवा तथा क्लिनिक** |
| १ | औषधि पसल |
| २ | एक्सरे पसलबाट |
| ३ | चश्मा पसल |
| ४ | दांत बनाउने निकाल्ने हाल्ने पसल |
| ५ | एग्रोभेट र पशुपंक्षी औषधी |
| • | साना तथा खुद्रा व्यवसाय |
| १ | पान पसल खुद्रा समान राखेर |
| २ | सिलाई पसल |
| ३ | ब्यूटिपार्लर पसल/कस्मेटिक पसल/खेलौना सजावट पसल |
| • | **एजेन्सी तथा थोक बिक्रि पसल** |
| १ | मोटर साइकल डिलर |
| २ | ट्याक्टर टेम्पो प्रति डिलर |
| ३ | पम्पीङ्ग सेट, जेनरेटर प्रति डिलर |
| • | **मट्टितेल-पेट्रोल डिजल पम्प तथा अन्य व्यवसाय** |
| १ | पेट्रोल पम्प |
| २ | डिजल पम्प |
| ३ | मट्टितेल पम्प |
| ४ | **यदि पेट्रोल र डिजल एउटैमा भए** |
| ५ | किराना पसल पक्कि भवन |
| ६ | किराना पसल खोकाछाप्रा |

| | |
|---|---|
| ९ | खुद्रा मदिरा विक्री पसल |
| ११ | मदिरा डिलर |
| १३ | टि.भि.तथा फ्रिज समेतको डिलर पसल |
| १५ | चिसो पेय पदार्थ डिलर |
| १६ | हार्डवेयर तथा निर्माण सामाग्री पसल |
| १८ | गल्ला खरिद तथा बिक्री पसल |
| • | **सवारी साधन विक्रि तथा मर्मत** |
| १ | साइकल विक्रि पसल |
| २ | साइकल मर्मत तथा पाटपुर्जा विक्रि पसल |
| ३ | अटो/ मोटर पार्ट्स बिक्रि तथा मर्मत |
| ४ | बस, जीप तथा ट्रेक्टर मर्मत |
| ५ | मोटरसाइकल मर्मत तथा पार्टस् बिक्रि |
| ६ | स्टोभ विक्रि तथा मर्मत पसल |
| • | **इलोक्ट्रोनिक्स र इलेक्ट्रीकल सामान मर्मत पसल** |
| १ | इलोक्टोनिक्स र इलेक्ट्रीकल सामान विक्री तथा मर्मत पसल |
| • | **अन्य व्यवसाय तर्फ** |
| १ | फेन्सी तथा सु - सेन्टर |
| २ | सटरिङ्ग सेवा व्यवसाय |
| ३ | टेन्ट हाउस, वेन्डवाजा, डि.जे. साउन्ड |
| ४ | छापाखाना |
| ५ | स्टेशनरी तथा पुस्तक पसल |
| ६ | ट्रान्सपोर्ट ढुवानी सेवा |
| ७ | ठेक्कापट्टा सम्बन्धि व्यवसाय |
| ८ | सिसा, प्लाइउड, मार्वल , सनमाईका जन्य पसल |
| ९ | इन्जिनियरिङ्ग कन्सल्टेन्सी |
| १० | पेटिङ्ग आर्ट पसल |
| ११ | बसको टिकट बुकिङ्ग काउण्टर |
| १२ | सवारी चालक तालिम सेन्टर (ड्राइभिङ्ग इन्स्च्यूट) |
| १३ | सुनचादी व्यवसाय |
| • | **उद्योग, कारखाना तथा विक्रि कक्ष समेत** |
| १ | ईटा भट्टा |
| २ | कोलु सानो (१०००), मझौला (१२००) र ठुलो (१५००) |
| ३ | स: मिल |
| ४ | राईस मिल |

| | |
|---|---|
| ५ | पाउरोटी, चकलेट, चाउमिन, नमकिन उद्योग |
| ७ | फर्निचर उद्योग काठ |
| ८ | फर्निचर उद्योग स्टील |
| ९ | अगरबत्ति तथा मैन बत्ति उद्योग |
| १० | ह्याचरी उद्योग तथा सो संग सम्बन्धित विक्रिकक्ष |
| ११ | ह्यूमपाइप,विद्युतपोल र सिमेन्ट सामाग्री उत्पादन स्थल |
| १२ | बरफ उद्योग तथा आइसक्रिम उद्योग |
| १३ | कुटानी पिसानी मिल |
| १४ | कुटानी पिसानी पेलानी |
| १५ | **अन्य व्यवसाय** |

अनुसूची-२

(दफा ४ को उपदफा (क) सँग सम्बन्धित)

## व्यवसाय दर्ता/नवीकरण निवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
लालझाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर।

**विषय : व्यवसाय दर्ता/नवीकरण सम्बन्धमा।**

मैले/हामीले निम्न स्थानमा सञ्चालन गर्न लागेको व्यवसाय दर्ता गर्न/सञ्चालन गरेको व्यवसाय नवीकरण गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौं । नियमानुसार लाग्ने कर बुझाउनुको साथै गाउँपालिकाबाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर : ..............................................................
(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)
२. व्यवसायीको स्थायी ठेगाना ............... जिल्ला ................ गा.पा./न.पा. ............... वडा नं. ......... मार्ग .................... घर नं. ......
३. व्यवसायीको बाबुको नाम, थर : ..................................................
४. व्यवसाय रहने स्थानको ठेगाना : वडा नं. ..... मार्ग ......... घर नं. .....
५. सम्पर्क फोन नं. ............. मोबाईल नं. ............. इमेल :................
६. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गा धनीको नाम, थर ..................................................
७. घर जग्गा धनीको ठेगाना ..................... वडा नं................ घर नं. .........................
८. व्यवसायको विवरण/प्रकृति : ......................................................
९. पूँजी लगानी रु. ..................................
१०. फर्म/कम्पनीको नाम : ..................................
११. परिचय पाटीको साइज : (लम्बाई ............ चौडाइ ....... वर्गफिट ......)
१२. अन्यत्र दर्ता भएको भए, दर्ता नं. .................. /कार्यालय : ..............
१३. संलग्न कागजातहरु :
क) आफ्नै घर जग्गा भए जग्गा धनि प्रमाणपत्रको प्रतिलिपि-१ वा भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तरिका समेत खुलेको वहाल सम्झौतापत्र-१,
ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ वा विदेशी नागरिकको हकमा नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात-१,
ग) व्यवसायीको हालसालैको पासपोर्ट साईजको फोटो २ प्रति,
घ) फर्म कम्पनी भएमा दर्ता, इजाजत प्रमाणपत्र
ङ) आन्तरिक राजस्व कार्यालयमा अघिल्लो आ.व.सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि ।

..........................
निवेदकको दस्तखत

मितिः .........................

**कार्यालय प्रयोजनका लागि मात्र :**

निवेदन दस्तुर : ............... दर्ता शुल्क ............ आ.व. ............... को व्यवसाय कर ............ परिचय पाटी दस्तुर ............... जरिवाना ............... जम्मा रु ..................... लाग्ने व्यहोरा प्रमाणित गर्दछु । निजको व्यवसाय प्रमाणपत्र नं. ( नवीकरणको हकमा) ................ रहेको छ ।

| | | |
|---|---|---|
| ................ | ...................... | ................ |
| **पेश गर्ने** | **सिफारिस गर्ने** | **स्वीकृत गर्ने** |
| **मिति** | **मिति** | **मिति** |

अनुसूची-३

(दफा ४ को उपदफा (ड) सँग सम्बन्धित)

**लालझाडी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**शंकरपुर, कञ्चनपुर**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

लालझाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल
स्थापित - २०७३

## व्यवसाय दर्ता किताब

आ.व. ..............

| क्र.स. | दर्ता मिति | दर्ता नं. | करदाता संकेत नम्बर | सञ्चालक वा मुख्य व्यक्तिको नाम | व्यवसाय वा फर्मको नाम | फोटो | ठेगाना | वडा नं. | घर नं. | फोन नं. | इमेल ठेगाना | व्यसायको किसिम | कुल पुँजी रु | व्यवसायको श्रेणी | घर जग्गा आफ्नो वा बहालमा रहेको | सञ्चालन भएको वा हुने मिति | नवीकरण भएको आ.ब. | प्रमाणित गर्नेको सही |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | |

अनुसूची-४

(दफा ४ को उपदफा (ढ) सँग सम्बन्धित)

## लालझाडी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## शंकरपुर, कञ्चनपुर

## सुदूरपश्चिम प्रदेश, नेपाल

# व्यवसाय दर्ता प्रमाणपत्र

मिति : २०७...।  ।

**करदाता नं.** ................ **दर्ता मिति : २०७..../  /  गते**

**प्रमाणपत्र नं.** .......

............... जिल्ला ........................... गाउँपालिका वडा नं...... बस्ने श्री ...............................लाई निजको नाममा निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाणपत्र जारी गरिएको छ ।

व्यवसायको नाम : ...................................

व्यवसायीको ना. प्र.नं. : ................जारी गर्ने जिल्ला : ............... जारी मिति : ............................

व्यवसाय सञ्चालन भएको वा हुने मिति : .........................

व्यवसाय रहने स्थान : ...............................

बाटोको नाम : .................... घर नं. .............. टोल ....................

व्यवसाय रहने घर/जग्गाधनीको नाम : .............................................

व्यवसायको प्रकृति : ...............................................................

पूँजी लगानी (रु.मा) : ......................................

व्यबसायको वर्ग : ..........

परिचय पाटीको साइज : ............................

............ .................. ....................

संचालक तयार गर्ने जारी गर्ने

१) व्यबसायीले प्रत्येक आर्थिक वर्षको लागि तोकिएको व्यबसाय कर उक्त आ.व. को आषाढ महिनाभित्र बुझाई प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ । गाउँपालिकाबाट स्थलगत रुपमा व्यवसाय कर टोली खटाइएको अवस्थामा व्यवसायीको कार्यस्थलमै व्यवसाय प्रमाणपत्र नवीकरण गर्न सकिनेछ ।

२) व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा वडा कार्यालयको सिफारिसमा गाउँपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

३) व्यवसाय बन्द गर्नु परेमा व्यवसायीले गाउँपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिसमा कर एकाईबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्नेछ । अन्यथा व्यवसाय चालु नै रहेको मानी सालवसाली रुपमा कर लाग्नेछ ।

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राख्नु पर्नेछ । यस्तो प्रमाणपत्र गाउँपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनु पर्नेछ ।

५) व्यवसायिक गतिविधि सञ्चालन गर्दा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन । यदि सो गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ ।

६) व्यवसायबाट उत्पादन हुने फोहोरमैला उचित व्यवस्थापन गर्ने दायित्व व्यवसायी स्वयंको हुनेछ ।

७) व्यवसाय सञ्चालनको सिलसिलामा गाउँपालिकाबाट समय समयमा दिने निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।

८) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जनुसुकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्दको कारवाही समेत गर्न सक्नेछ ।

९) यो प्रमाणपत्र गाउँपालिकाको स्थानीय कर प्रयोजनको लागि जारी गरिएको हो । कुनै पेशा वा व्यवसाय प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र सञ्चालन गर्नु पर्नेछ ।

लालझाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल
स्थापित - २०७३

## नवीकरण सम्बन्धी विबरण

| क्र. सं. | आर्थिक वर्ष | नवीकरण गरेको मिति | कर तथा शुल्क र जरिवाना तिरेको रसिद नं. | रसिदको मिति | नवीकरण गर्नेको दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |